नेपाल सरकार
Government of Nepal
कृषि विकास मन्त्रालय
Ministry of Agricultural Development
सिंहदरबार, काठमाण्डौ, नेपाल
Singhadurbar, Kathmandu, Nepal

Asian Food & Agriculture Cooperation Initiative

# मकै बाली पात्रो (Maize Calendar)

| मकै बालीमा गरीने मुख्य कृषि कार्य (प्रमूख कर्महरु) | बैशाख | जेष्ठ | आषाढ | श्रावण | भाद्र | आश्विन | कार्त्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बर्षे मकै | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ |







| अवस्था | कार्य | विवरण |
|---|---|---|
| बीउ छनौटको अवस्था | बीउको छनौट | राम्रो उमार शक्ति भएको उन्नत बीउ किन्ने । |
| | बिउको उपचार | १ किलो बीउमा २-३ ग्राम सिरेसान वा बेभिष्टिनद्वारा उपचार गर्ने । |
| | मूख्य जातको छनौट (जातीय छनौट) | **उच्च पहाड :-** गणेश - १ र गणेश -२<br>**मध्य पहाड :-** खुमल पहेंलो, मनकामना - ३, देउती, शितला, मनकामना - ४, मनकामना - ५, मनकामना - ६<br>**तराईर भित्री मधेशः-** अरुण-२, रामपुर-२, मनकामना-५, मनकामना - ६, गौरब हाईब्रिड मकै, रामपुर हाईब्रिड- २, खुमल हाईब्रिड - २ । |
| जग्गा तयारी अवस्था | जग्गाको तयारी | गहिरोसँग जोत्ने र १-२ पटक काठे हलोले जोती माटो बुरबुराउदो पार्ने । |
| | मलखाद | डि.ए.पि. =४.३ के.जी., यूरिया =२.७५ के.जी., म्यूरेट अफ पोटास =२.२ के.जी. प्रति कठ्ठा मकै रोप्ने समयमा बेसल डोजको रुपमा प्रयोग गर्ने । |
| | बीउ छर्ने तरीका | क) २०-२४ के.जी. बीउ प्रति हेक्टरका दरले लाईनमा लगाउने ।<br>ख) हलोको सियो पछाडी लगाउँदा ३५ के.जी. बीउ प्रति हेक्टर (१ हेक्टर= ३० कठ्ठा) छर्ने ।<br>ग) छरुवा गर्दा ४०-५० किलो बीउ प्रयोग गर्ने । |
| | सिंचाई र व्यवस्थापन | पानी नजम्ने तरिकाले सिंचाइ व्यवस्था गर्ने । |
| रोपाइँ गर्ने अवस्था | रोपाइँ गर्ने तरीका | क) लाईनमा लगाउदा ७५से.मी. दुरीमा लगाउने र ५ से.मी गहिराईमा बीउ रोप्ने ।<br>ख) हलोको सियोको पछाडी मकैको बीउ खसाउने ।<br>ग) छरुवा खेती प्रविधि । |
| | रोपाइँको दुरी | ७५ से.मी. x २५ से.मी. (पंक्तिबद्ध बीउ रोप्ने) । |
| | झारपात नियन्त्रण | क) पहिलो गोडाई उम्रिएको २०-२५ दिनभित्र ।<br>ख) दोस्रो गोडाई पहिलो गोडाईको २-३ हप्तापछि । |
| जमरा आउने अवस्था | मलखादको मात्रा | ६० के.जी. नाईट्रोजन टप ड्रेसिङ्गमा प्रयोग गर्ने । |
| | टप ड्रेसिङ्ग गर्ने समय | २ के.जी. यूरिया प्रति कठ्ठा पहिलो गोडमेल पछि र अर्को २ के.जी यूरिया प्रतिकठ्ठा दोस्रो गोडमेल पछि प्रयोग गर्ने । |
| | पानीको व्यवस्थापन | माटोमा चिस्यानको अवस्था अनुसार पानीको व्यवस्थापन गर्ने । |
| | किटनासक विषादीको प्रयोग | किराहरु देखिए मात्र प्रयोग गर्ने । झोल विषादीको रुपमा सुपर .डी (क्लोरोपाइरीफोस र साइपरमेथ्रिन) २ एम.एल. प्रति लिटरका दरले प्रयोग गर्ने । |
| पाक्ने अवस्था | रगीङ्ग गर्ने तरीका | बेजात, रोगी बोटहरु हटाउने । |
| | बीउको लागि छनौट तरीका | स्वस्थ, गुणस्तरीय एवम् पोटिलो बीउ छान्ने । |
| | पानीको निकास | कुलोको व्यवस्था गर्ने, खास गरी फूल्ने फल्ने र दाना लाग्ने अवस्थामा पानीको निकास अत्यावश्यक पर्छ । |
| | अन्य व्यवस्थापन | बाली चक्र एवम् मिश्रीत खेती प्रविधिलाई जोड र प्राथमिक्ता दिने । |
| काट्ने र थन्काउने अवस्था | मकै भाँच्ने अवस्था | ६० दिनदेखि २१५ दिनसम्म ।<br>क) घोगा फुस्रो हुने ।<br>ख) घोगाको जुङ्गा कालो हुने ।<br>ग) मकैको दाना र खोया जोडिने ठाँउमा कालो देखिने । |
| | मकै भाँच्ने तरीका | पाकेपछि हसियाले काट्ने वा हातले भाँच्ने । |
| | थन्काउने अवस्था | मकै भण्डारण गर्दा चिस्यानको मात्रा १२% भन्दा बढी भएमा कुहिने भएकोले राम्ररी सुकाई भण्डारण गर्नुपर्छ । |










## मकै बालीमा लाग्ने किराहरुको जानकारी









| किर्थो | फेदकटुवा | धर्के गवारोको वयस्क | मकैको लाही |
|---|---|---|---|
| १. किर्थो धेरै लागेको ठाउँमा डर्सबान २०५ ई.सी. झोल १ मि.लि. प्रति लिटर पानीमा मिसाइ छर्ने ।<br>२. जाडो महिनामा गहिरो गरी खनजोत गर्नाले यस किराका फूलहरु नष्ट हुन्छ । | १. सेभीन २ देखि ३ ग्राम प्रतिबोटका दरले सबै गुभोमा हाल्ने । | मित्र जीवहरुको संरक्षण गर्ने र ट्राइकोग्रामा परिजीवी किरा हप्तामा ५०,००० देखि १००,००० सम्म प्रति हेक्टरका दरले छाड्ने । | १. मित्र जीवको संरक्षण गर्ने ।<br>२. साइपरमेथ्रिन १.५ मि.लि. प्रति लिटर पानीमा हाली छर्ने । |

## मकै बालीमा लाग्ने रोगहरू









| डढुवा Leaf Blight | घोगा कुहिने रोग (Ear Rot) | डाँठ कुहिने (Stalk Rot) | ध्वाँसे थेग्ले रोग (Gray Leaf Rot) |
|---|---|---|---|
| १. थाईराम नामक ढुसीनासक विषादी २.५ ग्राम प्रति के.जी. बीउलाई उपचार गर्ने ।<br>२. डाईथेन एम-४५ विषादी २.५ के.जी. प्रति हेक्टरका दरले ७००-८०० लिटर पानीमा मिसाई छर्ने । | थाईरामले बीउ उपचार गर्ने । | यो रोग ब्याक्टेरिया तथा ढुसीजन्य भएकोले मलखादको सन्तुलित मात्रा प्रयोग गर्ने र पोटास मलको प्रयोगले रोग विरुद्ध अवरोधक शक्ति बढ्ने हुन्छ । | रोग अवरोधक जातहरु लगाउने जस्तै गणेश - १, गणेश - २, देउती, शितला, मनकामना -४, आदि जातहरु । |

| वस्तुहरु | खर्च (रु.) | वस्तुहरु | आम्दानी (रु.) |
|---|---|---|---|
| बीउ २४ के.जी. x रु. ६०/- | १४४०/- | मकै उत्पादन ३२१० के.जी. x रु. १६ | ५१३६०/- |
| ज्यामी ज्याला रु. ११४ x रु. ३५० (जोताईदेखि काट्नेसम्म) | ३९,९००/- | अन्य उत्पादन भुस आदि = ३६२२ के.जी. x रु. १ प्रति के.जी. | ३६२२/- |
| सिँचाई + मलखाद | ४२३६/- | | |
| किटनासक र अन्य | १४५०/- | | |
| जम्मा | ४६९५६/- | | ५४९८२/- |

**खुद नाफा = रु. ५४९८२ - रु.४६९५६ = रु. ८०२६/-**

### उन्नत मकै खेती
मकै खेती गर्न जग्गा राम्ररी जोती बुरबुराउँदो बनाउनु पर्छ । दोमट माटो, प्रागँरिक पदार्थ प्रशस्त भएको र पि. एच ७.५-८.५ सम्म भएको माटो उपयूक्त हुन्छ । पानीको राम्रो निकास हुनु जरुरी छ ।

### मलखादको प्रयोग
प्राङ्गरीक मल १०-१५ मेट्रिक टन प्रति हेक्टर तथा रसायनिक मल १२०:६०: ४० नाइट्रोजन फोसफोरस र पोटास के.जी. प्रति हेक्टर प्रयोग गर्दा उत्पादन राम्रो हुन्छ। सिफारीस मात्राको आधा भाग नाइट्रोजन, पुरा भाग फोसफोरस र पोटास जग्गा तयारीको बेला हाल्नुपर्छ । बाँकि आधा भाग नाइट्रोजन मल दुई पटक टप ड्रेस गर्नुपर्छ । पहिलो टप ड्रेस करिब घुँडासम्मको अग्लो अवस्थामा तथा दोस्रो जुँगा वा चमरा निस्कने बेलामा हाल्नुपर्छ ।

### रोप्ने तरीका
लाईनदेखि लाईन ७५ से.मी तथा बोटदेखि बोट २५ से.मी. कायम राख्नु पर्दछ । यसरी रोप्दा बोटको संख्या कम्तीमा करीब ६६००० बोट प्रति हेक्टर कायम गर्नुपर्छ ।

### मकै लगाउने समय
मकै हिउँद बर्षा तथा बसन्त मौसममा लगाउन सकिन्छ । हिउँदे मकै भदौ, असोजमा र बसन्ते मकै फाल्गुन, चैत्रमा तथा बर्षे मकै बैशाख महिनामा तराई तथा भित्री मधेशमा लगाउन उपयुक्त हुन्छ। उच्च पहाडमा फाल्गुन, चैत्रतिर र मध्य पहाडमा बैशाख जेष्ठतिर मकै लगाउन सकिन्छ ।

### गोड्मेल
पहिलो गोडाई रोपेको ३० दिनभित्र र दोस्रो गोडाई ५० दिनभित्र गरी माटोको उप्केरा लगाँउदा राम्रो हुन्छ ।

### सिंचाई व्यवस्थापन
वर्षे मकैलाई खासै सिंचाई दिनु पर्दैन । हिउँदे मकै तथा बसन्ते मकैलाई दुईचोटि सिंचाई दिदाँ राम्रो हुन्छ । गोड्मेल गरेर त्यसपछि सिंचाई गर्दा राम्रो हुन्छ । मकैमा पानी जम्न दिनु हुँदैन ।

### रोग र किरा व्यवस्थापन
मकैमा ग्वारो किराको प्रकोप बढि भएकोले फयूराडन ८-१० के.जी. प्रति हेक्टर (३-४ दाना प्रति बोट गुबोमा हाल्ने) । यो बिषादिको प्रयोगपछि करीब ३० दिनसम्म मकैको कुनै भाग गाई वस्तु वा मानिसले प्रयोग गर्नु हुदैन । पात डढुवा रोग लागेमा ढुसिनासक औषधि प्रयोग गर्न सकिन्छ ।

### मकै भाँच्ने
मकैको घोंगा फुस्रो भएमा र घोंगाको जुगां कालो भएमा मकै पाकेको थाहा पाउनु पर्छ । मकै भाँच्ने बेलामा घोगाहरुको खोस्टा राम्ररी सुकेर खैरो रंगमा परिणत भएपछि दानाहरुमा चिस्यानको मात्रा २०-२२ प्रतिशतसम्म हुँदा भाँच्न सकिन्छ ।

### सुकाउने र थन्काउने
मकै भाँचेपछि घोगाहरु नङ्गयाउने, राम्ररी सुकाउने, छोडाउने र पछि फेरी दानालाई ५-६ घाममा सुकाएर १०-१२ प्रतिशतसम्म चिस्यान राखी भण्डारण गर्न उपयुक्त हुन्छ ।

